प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।
## (प्रथम पटक प्रकाशन भएको मिति २०७९/०९/२०)

यस कार्यालयको आ.व. २०७९/०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार बजेट उप-शिर्षक ३१२०१०१६३ तर्फको तपसिलको कार्यक्रम संचालन गर्न इच्छुक स्याङ्जा जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्बन्धित समुह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/ लागत साझेदारी | ईकाइ | परिमाण | जम्मा वजेट रु. (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना | स्वीकृत बजेटको परिधिभित्र रही क्रियाकलाप अनुसार ५०% देखि अधिकतम ९०% सम्म अनुदान | पटक | १ | ४८ | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्धन आयोजना कार्यन्वयन मापदण्ड, २०७९ अनुसार | कम्तिमा २० रोपनी क्षेत्रफलमा विउ उत्पादन गरेको हुनुपर्ने र कम्तिमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा संचालन हुने । |
| २. | माहुरी घार वितरण/ कृषक क्षमता अभिबृदी कार्यक्रम | ५० % सम्म अनुदान | संख्या | १ | १० | बजेट तथा कार्यक्रम कार्यान्यिन सम्बन्धी एकीकृत कार्यविधि | |
| ३. | नयाँ बगैंचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रम | स्वीकृत बजेटको परिधिभित्र रही क्रियाकलाप अनुसार ५०% देखि अधिकतम ७५% सम्म अनुदान | हेक्टर | १ | १० | व्यवसायिक फलफूल खेति गर्न ईच्छुक कृषकहरुलाई अनुदानमा फलफूल बिरुवा र आवश्यक कृषि सामग्री वितरण कार्यक्रम संचालन मापदण्ड, २०७७ | कम्तिमा ३ रोपनी क्षेत्रफलमा फलफूल खेति गर्नुपर्नेछ |

आवश्यक कागजातहरु:

- निर्दिष्ट ढाचांमा प्रस्ताव र रु १० को टिकट सहितको निवेदन ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार लिजमा लिई/कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपी ।
- कृषि फर्म/ कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को करचुक्ताको प्रतिलिपि।
- कृषक समूह/ कृषि सहकारीको हकमा (नवीकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VATदर्ता प्रमाणपत्र, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वार्षिक लेखा परिक्षण प्रतिवेदन र सस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
- अघिल्लो दुइ आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोसणा पत्र ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयको वेवसाइट www.syangja.akc.gov.np बाट प्राप्त गर्न सकिन्छ।*

पुनश्चः माथि उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन र साथै विगतका दुई आ.व. मा उस्तै प्रकृतिका कार्यलाई यस कार्यालयबाट अनुदान प्राप्त नगरेका प्रस्तावलाई प्राथमिकतामा राखिने छ ।

विनोद हमाल
अधिकृतस्तर दशौं

इमेल :akcsyangja@gmail.com

थप जानकारीका लागि सम्पर्क नं. : ०६३-४२०१३०, ९८५६०५४०८५